**कार्यविधि नं. ३**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१-०३-०९**

# प्यूठान नगरपालिका

# गैर सरकारी संस्था(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१

## प्यूठान नगरपालिका

## नगर  कार्यपालिकाको कार्यालय

## लुम्विनी प्रदेश

# गैर सरकारी संस्था(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१

प्रस्तावनाः सामाजिक विकास कार्यमा संलग्न गैर सरकारी संस्थाहरुको लगानी, र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको नियमन गर्न तथा नगरपालिकाको प्राथमिकताको क्षेत्रमा कार्य गर्न समाजिक संस्थाहरुलाई प्रोत्साहन गर्न कानूनी व्यवस्था गर्नुपर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम प्यूठान नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "गैर सरकारी संस्था(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ " रहेको छ।

(२) यो निर्देशिका नगरकार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क)"अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमती लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ।

(ख)" गैर सरकारी संस्था " भन्नाले नेपालको सरकारी निकायहरुमा दर्ता भई प्यूठान नगरपालिका संग सहकार्य गर्ने गैर नाफामूलक संस्थालाई सम्झनु पर्दछ।

(ग)"नगरपालिका" भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ।

(घ)"नगर सभा" भन्नाले प्यूठान नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ङ)"नगर प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(च)"नगर उपप्रमुख" भन्नाले प्यूठान नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

(छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज)"सामाजिक विकास समिति" भन्नाले प्यूठान नगरकार्यपालिकाको सामाजिक विकास समिति सम्झनु पर्दछ।

## परिच्छेद -२
## संस्था दर्ता र सूचीकरण

३. दर्ता गर्नुपर्ने: (१) यो निर्देशिका प्रारम्भ भएपछि प्यूठान नगरपालिकामा स्थापना हुने कुनै पनि संस्था नगरपालिकामा दर्ता गर्नु पर्नेछ र यसरी दर्ता भएको संस्थाको विवरण (नाम, ठेगाना, उद्देश्य, कार्यक्षेत्र आदि) नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ।

(२) यो निर्देशिका लागू हुनुभन्दा अघी स्थापना भई प्यूठान नगरक्षेत्रमा कार्यक्रम संचालन गर्ने र यस नगरपालिकामा कार्यालय भएका सबै गैर सरकारी संस्थाहरुले उपनियम (१) बमोजिमको विवरण आर्थिक वर्ष २०८१/०८२ भित्र पेश गर्नु पर्नेछ।

(३) संस्था दर्ता ऐन वमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका गैर सरकारी संघ संस्था तथा अन्य सामाजिक संघ संस्थाहरुले उक्त कार्यालयमा पेश गरेको बिधान, दर्ता तथा नवीकरणको प्रामाणित प्रतिलिपि नगरपालिकामा पेश गरी सूचिकृत हुनुपर्नेछ।

(४) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता वा सूचीकरण गरिनेछैन।

(५)संस्था दर्ता वा नविकरण बापत लाग्ने शुल्क नगरपालिकाको सालबसाली जारी हुने आर्थिक ऐन बमोजिम हुनेछ।

## परिच्छेद – ३
## नगरपालिका, गैर सरकारी संस्था तथा सामाजिक संघ संस्थासँगको कार्यगत सम्बन्ध

४. समन्वयमा काम गर्नुपर्ने: (१) गैर सरकारी संघ संस्था तथा सामाजिक तथा सामुदायिक क्षेत्रका संघसंस्थाहरुले प्यूठान नगरपालिका क्षेत्रभित्र काम गर्दा नगरपालिकासँग समन्वयमा रही कार्य गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम समन्वयको प्रमुख विषय उक्त संस्थाहरुको वार्षिक बजेट तथा कार्यक्रम हुनेछ। प्यूठान नगरपालिका क्षेत्रमा सञ्चालन हुने गरी तय भएका बार्षिक योजना, कार्यक्रम तथा बजेट यस नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गराउनु पर्नेछ।

(३) उपनियम(२) बमोजिमका योजना तथा कार्यक्रमको अनुगमन तथा अनुगमन प्रतिवेदन नगरपालिकासँग समन्वय गरी संयुक्त रुपमा गरिनेछ।

(४) यस दफाको विपरित कुनै संघसंस्थाहरुले काम गरेमा प्यूठान नगरपालिकाले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ।

५. कार्यक्रम सञ्चालन गर्न साझेदारी: (१)प्यूठान नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा रहेका प्रशिक्षणात्मक, जनचेतनामुल, सशक्तिकरण र समावेशी सम्बन्धी कार्यक्रमहरु नगरपालिकासँगको सम्झौता तथा स्वीकृत प्रस्ताव बमोजिम गैर सरकारी संघ संस्था, सामाजिक तथा सामुदायीक संघ संस्थाहरुलाई कार्यान्वयन गर्न दिन सकिनेछ। यस्ता कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित नेपाल सरकार, प्रदेश सरकार, र प्यूठान नगरपालिकाको कानून तथा नीति बमोजिम गर्नुपर्नेछ।

६. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी व्यवस्था: (१) नेपाल सरकारबाट स्वीकृत प्राप्त नगरेका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई नगरपालिकामा कामकाज गर्न नदिईने र समन्वय समेत गरिने छैन।

(२)नेपाल सरकारबाट स्वीकृती प्राप्त अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सँग सहकार्य र समन्वय गर्न उपरोक्त उपदफाले बाधा पुर्याएको मानिनेछैन।

७. निर्देशिका कार्यान्वयन तथा सहजीकरण समितिः(१)यस निर्देशिकाको कार्यान्वयन गर्न नगरप्रमुखको प्रत्यक्ष रेखदेख, नियन्त्रण र निगरानीमा रहने गरी देहाय बमोजिमको कार्यान्वयन तथा सहजीकरण समिति रहनेछ ।

१. नगर उपप्रमुख – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

३. नगरप्रमुखले तोकेका कार्यपालिका सदस्यमध्ये १ महिला सहित २ जना – सदस्य

४. सामाजिक विकास समिति संयोजक – सदस्य

५. महिला विकास शाखा प्रमुख – सदस्य

६. सामाजिक विकास समितिका सचिव – सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहनेछ ।

क. गैर सरकारी संस्थाहरुको लगत संकलन गर्ने,

ख. गैर सरकारी संस्थाहरुसँग समन्वयात्मक बैठक गर्ने,

ग. गैर सरकारी संस्थाहरुसँग समन्वयका क्षेत्रहरु पहिचान गर्ने,

घ. गैर सरकारी संस्थाहरुको वार्षिक कार्यक्रमको संयुक्त अनुगमन गरी प्रतिवेदन पेश गर्ने

७. बार्षिक प्रतिवेदनः गैर सरकारी संघ संस्थाहरुसँगको सहकार्य, समन्वय, अनुगमन, बजेट सम्बन्धमा कार्यपालिका मार्फत बार्षिक प्रतिवेदन सभामा पेश गर्नुपर्नेछ ।

८. सम्पर्कः गैर सरकारी संस्था, सामाजिक र सामुदायिक संघ संस्थाहरुले नगरपालिकासँग सम्पर्क राख्दा सामाजिक विकास शाखा मार्फत राख्नुपर्नेछ ।

९. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यबिधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्यूठान नगरपालिका नगरकार्यपालिकाले सो बाधा अड्काउ फुकाउनको लागि आवश्यक निर्णय गर्नेछ ।

१०. बचाउः(१)प्यूठान नगरपालिकामा यस अघी गैर सरकारी संघसंस्था, सामाजिक र सामुदायिक संघसंस्था सम्बन्धमा भए गरेका सबै काम कारबाही यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

(२) निर्देशिका प्रचलित कानूनसँग वाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।